# “च्याङथापु ”

हिमालको फेदमा डांडा र कांडा चौंरि चरेको
खोला नाला, वन जंगल, पहिरो लडेको
मालिङ्गो वास , निगालो यहि, सुन्तला फलेको
रमाइलो ठाउं , सुनदर गाउं, च्याङथापु कहलेको

विहानपख बहन्छ , त्यो चिसो हावा, मुटु नै कमाउंछ
वादल हटी फालेलुङ डांडा देख्दा हृदय नै रमाउंछ
वासकोछ्यानो , ढुंगाको पर्खाल  कमेरो लिपेको
चलन यहांको ,जाड र रक्सि तीन महिना छिप्पेको

उकालि ओह्रालि , कतै सांगो कतै साघुरो बाटो छ
अन्नवालि अति राम्रो हुने यहां फस्टाउने माटो छ
दौरा सुरुवाल, चौबन्दी चोलो , राष्ट्रियता झल्काउंछ
मीठो बोलि, राम्रो व्यवहार, मनभित्र दियालो सल्काउंछ

**लेखक - हिमाल राई**